बैठक संख्या : ८०

स्थान : राप्ती नगरपालिका

मिती : २०७७।०८।२८ गते

समय : साझ ४: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

अधिकृत छैठौ श्री शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

Scanned with CamScanner

प्रस्तावहरु

१. भुमि सम्वन्धी समस्या समाधान आयोग र नगरपालिका विचको समझदारी पत्र सम्वन्धमा ।

२. आठौ नगरसभा सम्वन्धमा ।

३. प्रधानमन्त्री रोजगार अन्तरगर्तको आयोजना छनौट गर्ने सम्वन्धमा ।

४. विविध फाइल सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १

भुमि सम्वन्धी समस्या समाधान आयोग को मिति २०७७/०७/२८ च.नं. १६३ को पत्रअनुसार भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाइ व्यवस्थापन गर्ने प्रयोजनको लागि आ.व २०७७/७८ मा एक सय स्थानीय तहसँग २०७७ मंसिर महिना भित्र स्थानीय तह र आयोग बीच चरणगत रुपमा समझदारी गरिसक्ने उद्देश्य अनुरुप मिति २०७७/०८/२५ मा रासी नगरपालिका र भुमिव्यवस्था समस्या समाधान आयोग विच समझदारी भईसकेकोले सो को कार्यप्रक्रिया अगाडि बढाउन भुमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासको स्थानीय तहबाट लागत संकलन कार्यविधि,२०७७ को दफा ३ बमोजिमको तपसिलका सदस्यहरु रहने गरी एक नगरस्तरीय र सवै वडाहरुमा वडास्तरीय सहजिकरण समिति गठन गरियो ।

नगर स्तरीय भूमि सम्वन्धी समस्या समाधान सहजिकरण समिति

नगर प्रमुख श्री प्रभा बराल पौडेल - संयोजक

नगर उपप्रमुख श्री इमानसिहं लामा — उपसंयोजक

पार्टी प्रतिनिधी (दुई जना) - सदस्य

कार्यपालिका सदस्य श्री रमिता परियार - सदस्य

कार्यपालिका सदस्य श्री दिलकुमारी लामा- सदस्य

श्री फणिन्द्र सापकोटा - सदस्य

श्री सुनिता सिल्वाल — सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री गंगाबहादुर भुजेल - सदस्य सचिव

वडा स्तरीय भूमि सम्वन्धी समस्या समाधान सहजिकरण समिति

वडा अध्यक्ष —संयोजक

वडा सदस्यहरु- सदस्य

वडाको सिफारिसमा प्रमुखले मनोनयन गरेको भूमी, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तिमा एक महिला सहित दुइ जना प्रतिनिधि- सदस्य

वडा सचिव —सदस्य सचिव

Scanned with CamScanner

साथै भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीको लगत संकलन गर्न तपसिल बमोजिमका कर्मचारीहरु करारमा पदपूर्ति गर्नका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक -१

सर्वेक्षक - २

लगत प्रविस्टिकर्ता- २

नापी कार्यको फिल्ड सहयोगी -२

अमिन -२ जना

तथ्याङ्क संकलक -५

सामाजिक परिचालक -२

निर्णय नं. २

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ४ को दफा १९ बमोजिम आर्थिक बर्ष ०७७/७८ को हिउदे अधिवेसन अर्थात आठौं नगरसभाको मिति २०७७ पौष ८ गते वुधबार नगरपालिकाको प्रशासनीक भवन पछाडी विहान ८ बजे गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रधानमन्त्री रोजगार संयोजक अन्तरगर्त आर्थिक वर्ष ०७७/७८ का लागि आयोजना छनौट गर्नुपर्ने भएकोले योजना छनौटका लागि सवै वडाहरुमा पत्राचार गरी योजना माग गर्ने र प्राप्त भएका योजनाका सम्वन्धमा वृहत छलफल गरी कार्य सम्पन्न हुने खालका र रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिले सम्पन्न गर्न सक्ने खालका योजना छनौट गरी कार्य प्रक्रिया अघाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ मा रहेका विविध फाइलका विषयमा निम्नानुसारका निर्णय गरियो ।

फाइल (क)

वागमती प्रदेश ट्राफिक प्रहरी कार्यालय को मिति २०७७/०८/२४ च.नं.०७७/७८ को पत्रअनुसार ट्राफिक सम्वन्धमा चितवन जिल्लाका चार वटा नगरपालिकाका (राप्ती,खैरहनी,रत्ननगर र भरतपुर)का नगरप्रमुख र ट्राफिक प्रमुख भएर छलफल गरी निर्णय गरिएबमोजिम पुर्वमा लोथर देखि भण्डारा खुरखुरे क्षेत्रमा अत्याधिक दुर्घटना भईरहने हुदाँ दुर्घटना न्युनीकरण गर्न राप्ती नगरपालिका भित्र ट्राफिक रिफ्रेस सेन्टर निर्माणका लागि राजमार्गमा पर्ने राप्ती न.पा.वडा नं. १ र २ का खाली सार्वजनिक लाइ हेर्ने र आवश्यक छलफल अघाडी वढाउने निर्णय गरियो ।

फाइल (ख)

जिल्ला प्रशासन कार्यलय चितवन को मिति २०७७/०८/२१ च.नं. २१७५ को पत्रअनुसार राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा ब्यवस्थापन कार्यसमितिको मिति २०७७/०८/१६ गते वसेको वैठकको निर्णय कार्यान्वयन सम्बन्धमा शितलहर प्रतिकार्य योजना अनुरुप यस राप्ती नगरपालिकाभित्र शितलहर बाट प्रभावित परिवार हरु लाई सामुदायिक वनसँग सहकार्य गरी दाउर तथा न्यानो कम्मल वितरण गर्ने निर्णय गरियो ।साथै जिल्ला प्रशासन कार्यालय चितवनलाई अति विपन्न परिवारको खाका तयार पारी पठाउने निर्णय गरियो ।

Scanned with CamScanner